# गैडहवा गाउँपालिकाको
# आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम

**गैडहवा गाउँपालिकाका आदरणीयसभा सदस्यज्यूहरु,**

१. गैडहवा गाउँपालिकाको अध्यक्षको हैसियतले यो सम्मानित सभाको बैठकमा सम्बोधन गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

२. यस अवसरमा सबैभन्दा पहिले म राष्ट्रको गौरव एकता र अखण्डताका लागि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति प्रगति र उन्नतिका लागि देशमा भएका विभिन्न क्रान्ति, सशस्त्र आन्दोलन, मधेश अन्दोलन तथा अन्य जनआन्दोलनहरुमा अमूल्य जीवन अर्पण गर्नुहुने महान शहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. गैडहवा गाउँपलिका स्थानीय सरकार समाजवाद उन्मुख, आर्थिक सामाजिक विकास र सामाजिक न्यायसहितको समतामूलक "**समृद्ध गैडहवा सुखी गैडहवाबासी**" को आकांक्षा पूरा गर्न दृढ सङ्कल्पित छ।

४. नेपालको संविधान बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई संस्थागत गर्न राष्ट्रिय तथा प्रादेशिक समन्वयकारी निकायसंगको निरन्तर सम्पर्कबाट तीनैतहका सरकार बीचको अन्तरसम्बन्ध र समन्वय मजबुत भएको छ।

**आदरणीय सभाका सदस्य ज्यूहरु**

आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु यस प्रकार रहेका छन् ।

- नेपालको संविधान, २०७२
- आर्थिक कार्य प्रणाली
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु
- दिगो विकास लक्ष्य
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्तद मार्गदर्शन तथा निर्देशनहरु
- वडा भेलाबाट प्राप्त योजनाहरु
- स्थलगत रुपमा गरिने योजनाहरुको अनुगमनबाट प्राप्त सिकाई
- विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषण

- राजनीतिक दल, विषयगत शाखाहरु, निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- विषयगत समितिहरुको सुझावहरु
- राजश्व परामर्श समितिको सुझाव
- संघीय र प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा बजेट वक्तव्य
- सभाका सदस्यहरुका राय सुझावहरु
- गैडहवा गाउँपालिकाकको एकीकृत विकास योजनाको प्रतिवेदन
- स्थानीय तहको योजना वार्षिक बजेट दिग्दर्शन,२०७९
- स्थानीय तहका विभिन्न कानूनहरु
- समय समयमा व्यक्त गरिएका प्रतिवद्धताहरु

**आदरणीय सभाका सदस्य ज्यूहरु,**

**अब म नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**आदरणीय सदस्यज्यूहरु**

१. स्थानीय उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको माध्यमबाट आर्थिक एवं सामाजिक रुपान्तरणका लागि स्थानीय सरकारको लगानी केन्द्रित गरिनेछ ।

२. पालिकाभित्र सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सकिने रुपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला तथा साना आयोजनाको पहिचान गरी संघ तथा प्रदेशको समन्वयमा योजना कार्यान्वयन गरिनेछ ।

३. विनियोजन कुशलता र स्रोत साधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाईनेछ ।

४. गैडहवा गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता र पारदर्शिता कायम गरिनेछ ।

५. वित्तीय संघीयताको सबलीकरण गर्न गाउँपालिकाको आयश्रोत वृद्धि गरिनेछ । आयश्रोत कम भएका र मानव विकास सुचकाङ्कमा कमजोर रहेका वडा तथा टोल स्तरमा थप कार्यक्रम तथा बजेट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६. वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको प्रयोग मार्फत पालिका सरकारको बजेट तर्जुमा खर्चको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई थप चुस्त गरिनेछ । राजश्वर चुहावट नियन्त्रणका लागि स्थानीय सरकारको राजश्वसँग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

७. पालिका स्तरका गौरवका योजनाहरु (गैडहवा होम स्टे) छनौटका लागि मापदण्ड तयार गरिनेछ र बहुवार्षिय र क्रमागत आयोजनाहरु (१५ शैया अस्पताल, यशोधरा पार्क) तोकिएकै समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

आदरणीय सदस्यज्यूहरु

८. एकिकृत रुपमा व्यवसाय दर्ता गर्न गाउँपालिकामा व्यवसाय प्रवर्द्धन शाखा संचालन गरिनेछ र करको दायरामा नआएका व्यवसायीहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता शिविर संचालन गरिने छ ।

९. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरी, तालतलैयाहरुको मर्मत सम्भारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१०. गाउँपालिकाको आम्दानीका श्रोत बढाउन राजश्वका क्षेत्रहरु पहिचान गरी आयका क्षेत्र विस्तार गरिनेछ ।

११. छरिएर रहेका पूँजीलाई एकिकृत गरी ठूला लगानी गरी विभिन्न उद्योग तथा व्यवसाय संचालन गर्न र आम जनसमुदायमा बचत गर्ने बानीको विकास गर्न विभिन्न कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

उपस्थित महानुभावहरु

१२. विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई बालबालिकालाई विद्यालयमा टिकाई राख्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१३. **"हाम्रो गैडहवा हाम्रो पहिचान"** बनाई राख्नका लागि स्थानीय पाठ्यक्रम निर्माण गरी सोही आधारमा क्रमशः पाठ्यपुस्तक तयार गरिनेछ।

१४. विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिदै संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा सुविधा सम्पन्न गराउँदै लगिनेछ ।

१५. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ लाई ब्यवस्थित र प्रभावकारी बनाउँदै कक्षा ८ र एस.ई.ई. परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालय प्रोत्साहन गरिनेछ।

१६. विद्यालयमा दरबन्दी कमी भई पठनपाठन कार्य ब्यवस्थित हुन कठिनाई भएका विद्यालयहरुलाई शिक्षण सहयोग अनुदान तथा गा.पा. अनुदानलाई विद्यार्थी संख्या र विषयगत आधारमा पुनःवितरण गरिनेछ।

१७. एक विद्यालय एक फूलवारी कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्दै सम्पूर्ण विद्यालयहरुलाई हरित विद्यालयको रुपमा रुपान्तरण गर्दै लगिनेछ।

१८. अत्याधिक गर्मीको कारण विद्यार्थीहरुलाई पढाई लेखाई गर्न सहज पुऱ्याउने उद्देश्यले विद्यालयमा जडान भएका विद्युत मिटरको बिलका आधारमा महशुलको भुक्तानी दिने ब्यवस्था मिलाईनेछ।

१९. बालविकास केन्द्रहरुको सुधार गर्दै गाउँपालिका र अन्य संघ संस्थाहरुको साझेदारीमा नमुना बाल विकास केन्द्र बनाउँदै लगिनेछ ।

२०. विद्यालयहरुमा सञ्चालन भएको दिवा खाजा कार्यक्रमलाई ब्यवस्थित पोषणायुक्त र सफा बनाई बालबालिकाहरुलाई वितरणको राम्रो ब्यवस्था मिलाउँदै जङ्कफुड निषेध गरिँदै लगिनेछ ।

२१. गाउँपालिका स्तरमा उत्कृष्ट खालको शैक्षिक योजना निर्माणको कार्य सुरुवात गरिनेछ।

२२. राष्ट्रपति रनिङ्ग शिल्ड तथा प्रतिभा पहिचान सप्ताह कार्यक्रम अन्तर्गत खेलकूद अन्य क्रियाकलापहरुलाई ब्यवस्थित तथा प्रभावकारीरुपमा सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

२३. प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न अवलोकन भ्रमण, नमुना शिक्षण तथा विभिन्न किसिमका तालिमहरु सञ्चालन गरी आधुनिक ज्ञान तथा प्रविधिसँग समायोजन हुने अवसर प्रदान गरिनेछ।

२४. गाउँपालिकाभित्र अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरुको कक्षा अवलोकन, नमूना शिक्षण तथा अनुगमन निरीक्षण जस्ता कार्यलाई थप प्रभावकारी तथा व्यवस्थित गरिनेछ ।

२५. अभिभावक विहिन बालबालिकाहरुको अभिभावकत्व गाउँपालिकाले ग्रहण गरी उनीहरुलाई सिकाईका लागि छात्रवृतिको व्यवस्था मिलाईनेछ।

२६. यस पालिका अन्तर्गत सञ्चालन भएको एक मात्र सूर्यपुरा बहुमुखी क्याम्पसको भवन निर्माण कार्य सम्पन्न गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२७. प्राविधिक सीप सिकी स्व-रोजगार सिर्जना गर्न चाहने ब्यक्ति, प्राविधिक शिक्षा पढ्ने विद्यार्थीहरुलाई क्रमशः प्रोत्साहन गरिनेछ ।

**आदरणीय सदस्यहरु,**

२८. गैडहवा गाउँपालिकाको जनसंख्या व्यवस्थापन गरी जनसाङ्ख्यिक लाभ प्राप्त गर्न पालिका जनसंख्या नीति तर्जुमा गरिनेछ ।

२९. जनस्वास्थ्यका मापदण्ड सुनिश्चित गर्दै सबै नीतिमा स्वास्थ्य नीति लागू गर्न विषयगत शाखाहरुसंग सहकार्य गरिनेछ । पालिका स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गरिनेछ ।

३०. स्वास्थ्यमा सर्वव्यापी पहुँचको मान्यता अनुरुप तहगत सरकार निजी क्षेत्र, नागरिक समाज तथा संघ संस्थाको समन्वय र सहकार्यमा प्रवर्द्धनात्मक उपचारात्मक पुनःस्थापना प्रशामक तथा मनोसमाजिक स्वास्थ्य सेवालाई थप विकास तथा विस्तार गरिनेछ ।

३१. बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य मार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न मानसिक स्वास्थ्य प्रवर्द्धन आत्महत्याको न्यूनीकरण भन्ने अभियान सहित कार्यक्रम संचालन गरिनेछ ।

३२. जीवन चक्रमा आधारित स्वास्थ्य सेवा अनुरुप सुरक्षित मार्तृत्व नवशिशु तथा बालस्वास्थ्य किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य र ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई संघ र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।

३३. सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम गरिनेछ ।

३४. पालिकाभित्र संचालनमा रहेका वर्थिङ्ग सेन्टरलाई सुदृढिकरण तथा केही वर्थिङ्ग सेन्टरको थप गरी गर्भवती तथा प्रसूती अवस्थाका ज्यान जोखिममा परेका महिलाहरुको स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरिनेछ । वर्थिङ्ग सेन्टरसम्म सुत्केरी गराउन आउने सुत्केरीहरुलाई एम्वुलेन्स सेवा निः शुल्क तथा अन्य प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३५. मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश तथा संघको सहकार्यमा अल्ट्रासाउण्ड सेवालाई थप व्यवस्थित गरिनेछ ।

३६. महिलाहरुमा स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सरको रोकथाम गर्न संघ तथा प्रदेशको सहकार्यमा निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ ।

३७. आर्युवेद प्राकृतिक चिकित्सा होमियोप्याथी जस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र विस्तार गरिंदै लगिनेछ ।

३८. मातृ शिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्तनपायी सेवा कार्यक्रम, नागरिक आरोग्यताका लागि सामुदाय स्तरमा नागरिक आरोग्य सेवा कार्यक्रम, जेरियाटिक स्वास्थ्य समस्यका लागि ज्येष्ठ नागरिक स्वाथ्य प्रवर्द्धन कार्यक्रम संघीय सरकारको सहकार्यमा निरन्तरता दिइनेछ ।

३९. बातव्यादी जस्ता जीर्ण रोगको व्यवस्थापनका लागि संचालित पूर्व कर्म सेवा सुरजपुरा आर्युर्वेद औषाधालयबाट निरन्तरता दिइनेछ ।

४०. **"मानासिक तथा शारीरिक स्वस्थतताका लागि योग भन्ने"** अभियान सहित योग अभ्यास प्रवर्द्धन गरिनेछ ।

**आदरणीय सभाका सदस्य ज्यूहरु,**

४१. स्वास्थ्य सेवाको मौलिक पद्धति आयुर्वेद सेवा लगायत अन्य वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि विशेष प्राथमिकता सहित कार्यक्रम ल्याइने छ ।

४२ नसर्ने रोगको रोकथाम तथा उपचारका लागि आयुर्वेद सेवा पद्धति प्रति जनसचेतना अभिवृद्धि गरी हामी स्वस्थ गैडहवा स्वस्थ अभियान संचालन गर्न आवश्यक कार्यक्रमको व्यवस्था मिलाइने छ ।

४३. जेरियाट्रिक हेल्थ केयर सर्भिसलाई उच्च प्राथमिकतामा राखि सो को लागि आयुर्वेद, योग, स्वस्थवृत्तको अभ्यासमा जोड दिइने छ ।

४४. पोषण सम्वद्ध समस्याको दीर्घकालिन र भरपर्दो व्यवस्थापनका लागि स्तनपायी सेवा कार्यक्रमलाई गाउँपालिकाका आयुर्वेद /स्वास्थ्य संस्था मार्फत संचालन सुनिश्चितताको लागि कार्यक्रम तर्जुमा गरिने छ ।

४५. एकल महिला/ पुरुषको शारीरिक तथा मानसिक स्वस्थता अभिवृद्धिका लागि योग तथा स्वस्थवृत्त कार्यक्रम संचालन गरिने छ ।

४६. युवाका लागि आरोग्यता आरोग्यताका लागि आध्यात्मिकता अभियानमूलक कार्यक्रम संचालन गरी युवाको स्वस्थता र सामाजिक सद्भभावलाई अभिवृद्धि गरिनेछ ।

४७. समृद्ध गैडहवाका लागि नागरिक जिवनशैली सुधार, गृहिणीका लागि भान्सा सुधार, तथा दीर्घरोग रोकथाम गर्न घरदैलोमा आयुर्वेद सेवा जस्ता कार्यक्रमलाई उच्च प्राथमिकता साथ संचालन गरिने छ ।

४८. गैडहवा गाउँपालिकाभित्रका हरेक कार्यालय, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्थामा हरेक दिन कुनै न कुनै योग तथा स्वस्थवृत्त सम्वद्ध कम्तिमा एउटा क्रियाकलापको अभ्यास गर्ने परिपाटीलाई संस्थागत गर्दै सेवा प्रवाह संग आवद्ध गरी स्वस्थता र सुशासन एक सिक्काका दुइपाटा अभियान संचालन गरिने छ ।

४९. आर्युर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सेवा तथा तथ्याङ्क व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गरिनेछ ।

५०. विशेषज्ञ स्तरको उपचारात्मक सेवाका लागि १५ शैयाको सूर्यपुरा अस्पतालको निर्माण सम्पन्न गरी सेवा संचालन गरिनेछ ।आधारभूत स्वास्थ्य सेवा संचालनका लागि पर्याप्त आवश्यक औषधि तथा उपकरणको सुनिश्चितता गरिने छ ।

५१. महामारीरोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागी आकस्मिक योजना सहितका आवश्यक पूर्वाधार ( औषधि, सामाग्रि, जनशक्ति र संयन्त्र) बनाई परिचालन गरिने छ ।

५२. सरुवा तथा मौसमी रोग (डेंगु,कालाजार,औलो क्षयरोग तथा कुष्ठरोगआदी)को नियन्त्रण, खोज, अनुसन्धान तथा व्यवस्थापन गर्न कार्यक्रम ल्याइने छ ।

५३. विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक तथा आपाङ्ग क र ख वर्गका नागरिकहरुलाई घरमै उपलब्ध हुँदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५४. स्वास्थ्य सेवालाई किशोर किशोरी जेष्ठ नागरिक तथा आपाङ्ग मैत्री वनाउन आवश्यक कार्यक्रम ल्याइने छ ।

५५. महिला स्वास्थ्य स्वयं सेविकाहरुको उच्च मूल्याङ्कन गर्दै वहालवालको प्रोत्साहन तथा ६०वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स-सम्मान विदाई हुने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५६. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला सिकलसेल एनिमिया तथा मानसिक रोग लगायतका नसर्ने रोग पहिचान, परीक्षण, रोकथाम र उपचारका कार्यक्रमहरु प्रदेश तथा

संघीय सरकारको समन्वयमा अन्य चिकित्सा पद्धतिहरु समेतको एकिकृत ढांचा विकास गरी संचालन  गरिने छ ।

५७. एच.आई.भी. रोगबाट पिडितहरुलाई सहयोग साथै सामाजिक व्यवस्थापन गर्ने निति अवलम्वन गरिनेछ ।

५८. वर्षमा एक पटक एकीकृत बृहत स्वास्थ्य जाँच शिविर तथा स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिने छ ।

५९. गाउँपालिकाको सबै वडा zero Home delivery घोषणालाई निरन्तरता दिइने छ ।

६०. बालिका संरक्षण कार्यक्रमलाई बीमा कम्पनीसँगको सहकार्यमा गाउँपालिका अध्यक्ष, बालिका संरक्षण अभियान अन्तर्गत बालिमा बीमा ढाँचामा संचालन गरिनेछ ।

६१. नागरिकहरुको स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी साथै गरीब तथा विपन्न नागरिक सम्म कार्यक्रम ल्याइनेछ । आपाङ्ग "ग" र "घ" बर्गलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

६२. स्वास्थ्य सेवाका मानव संशाधनको क्षमता विकास र वृत्ति विकासका लागि संघ प्रदेश संगको सहकार्यमा आवश्यक कार्यक्रम संचालन गरिने छ ।

६३. गाउँपालिका अन्तर्गत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको संचालन, स्तरोन्नतीको लागि आवश्यक नितीगत व्यवस्था गरिनेछ।

**उपस्थित महानुभावहरु**

६४ गैडहवा गाउँपालिकामा पशु पन्छी,मत्स्य पालनको तथ्यांक अद्यावधिकका लागि आवश्यक व्यवस्था गरिने छ ।

६५. कृषकहरुको उत्पादनलाई सहज रुपमा बजार सम्म पुऱ्याउन आवश्यक पूर्वाधार निर्माण तथा संचालनका लागि कार्यक्रम संचालन गरिने छ ।

६६. कृषि पेशाको आधुनिकिकरण, व्यावसायिकरण गरी कृषि क्षेत्रको रुपान्तरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

६७. सिंचाइ सुविधाबाट बञ्चित रहेका कृषकहरुलाई संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा सहज रुपमा स्यालो ट्युबेल, ड्युप ट्युबेलमा भै.लु.भु.ज. सिंचाई योजना सुचारु गर्न सिंचाई पानी तान्ने पम्प उपलब्ध गराउने व्यवस्थालाई निरन्तरताछ ।

६८. सूर्यपुरामा निर्माणधीन रहेको (चिस्यान केन्द्र) कोल्ड स्टोरलाई आ.व. २०८१/०८२ मा निर्माण सम्पन्न गरी संचालनका लागि निजी तथा कृषि समुहसंग सहकार्य गरिने छ ।

६९. कृषकहरुलाई कृषि पेसामा टिकाउन आम्दानीका स्रोत बढाउन र कृषि अनुदानलाई व्यवस्थित रुपमा संचालन गर्न कृषक परिचयपत्र बनाइ सोही परिचयपत्रका आधारमा कृषि अनुदान वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७०. गैडहवाको सीमा भएर बग्ने दानव नदीको पानी लिफ्ट गरी सिंचाइ गर्न सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्यताका आधारमा योजना संचालनको प्रक्रिया अगाडी बढाउन पहल गरिनेछ।

७१. कंचन सिंचाइ योजनालाई व्यवस्थित रुपमा संचालन गर्न उक्त नदीको पानी गैडहवा तालमा रिर्जभ गरी राख्ने र सुख्खा याममा वितरण गरी कृषकहरुलाई बेमौसमी उत्पादनमा आकर्षित गरी आय आर्जन बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७२. कंचन नदीमा लिफ्ट सिंचाइ संचालन गरी बलुहवा र अठघरवामा सिंचाइ सुविधा पुऱ्याउन सम्भाव्यतामा अध्ययन गर्ने र सम्भाव्यताका आधारमा संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा योजना संचालन गर्न पहल गरिनेछ ।

७३. उन्नत बिउ र नश्लमा सुधार ल्याउन र कृषकको पहुँच वृद्धि गर्न आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।

७४. भुमिगत पानीको सतह छुट्न नदिन विभिन्न स्थानमा रहेका पोखरीहरुमा वर्षाको पानी संकलन गरी राख्ने व्यवस्था मिलाइनेछ ।

७५. व्यवसायिक रुपमा पशु व्यवसायमा लागेका कृषकहरुलाई प्रोत्साहन गर्न उन्नत जातको नश्लको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।

७६. तरकारी पकेट कार्यक्रमलाई थप विस्तार गरी व्यवस्थित रुपमा संचालन गर्न आवश्यक निरन्तरता दिईनेछ ।

७७. संघीय सरकारसँगको समन्वयमा सिंचाइका लागि प्रयोग हुने विद्युत महशुल तथा कृषि मिटर जडान शुल्कमा निश्चित सहुलियत दिने व्यवस्था मिलाइने छ ।

७८. चैते धान खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

७९. रासायनिक मलको विकल्पको रुपमा हरियो मल प्रयोगको कार्यक्रम ल्याइनेछ ।

८०. अत्याधिक मात्रामा प्रयोग भएको रासायनिक विषादीको न्यूनीकरणका लागि नियमनकारी कार्यक्रमहरु प्रभावकारी वनाइने छ ।

आदरणीय सदस्यज्यूहरु

८१. दुध, मासु, माछा तथा अण्डा लगायत पशुजन्य पदार्थ उत्पादनमा आधारित कार्यक्रमहरु संचालनका लागि विषेश जोड दिईनेछ ।

८२. पशु आहारामा सुधार गर्न तथा उत्पादन लागत कम गराउन घाँसमा आधारित पशुपालन गर्न विशेष जोड दिइनेछ ।

८३. कृषकहरुको उत्पादनलाई असर पुऱ्याउने विभिन्न प्रकारका रोगहरु विरुद्धको खोप संचालन गरि पूर्ण खोप गाउँपालिकाको लागि प्रक्रिया अगाडी बढाइनेछ ।

८४. कृषकहरुले पालेका पशुवस्तुहरुको जोखिम न्यूनिकरणका लागि पशु विमालाई विशेष प्राथमिकता दिईनेछ ।

८५. पशुजन्य पदार्थको आयात प्रतिस्थान तथा विदेश पलायन कम गर्न तालिम, अनुदान र बजारीकरणको व्यवस्थाका साथै प्रोत्साहन रुपी कार्यक्रमहरु संचालन गरिने छ ।

८६. गोठ-गोठमा पुगी प्राविधिक सेवा प्रदानमा विशेष जोड दिईनेछ ।

८७. पशुपंक्षीजन्य पदार्थको उत्पादन वृद्धिका लागि नस्ल सुधारका कार्यक्रम संचालन गरिनेछ ।

८८. यस गाउँपालिकालाई मत्स्य हबको रुपमा विस्तार गर्न संघ र प्रदेश सरकार संगको सहकार्यलाई प्रभावकारी वनाइनेछ ।

८९. छाडाचौपायाहरुको व्यवस्थापनका गरी किसानको बाली संरक्षणका लागि उच्च प्राथमिकता दिइनेछ ।

उपस्थित महानुभावहरु

९०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको छुट लगत प्रविष्टि, जग्गा नापजाँच गरी जग्गाधनी पुर्जा वितरणका लागि संघीय सरकारको सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

९१. न्यायिक समिति तथा मेलमिलापकर्ताको क्षमता विकास गरी स्थानीय स्तरमा न्याय सम्पादन कार्यलाई प्रभावकारी बनाइनेछ ।

९२. वैकल्पिक ऊर्जा प्रवर्द्धनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

९२. नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि ईलेक्ट्रिक चुल्हो, सुधारिएको चुल्हो जस्ता कार्यक्रम पिछाडिएको तथा अति विपन्न परिवारमा वितरण गरिनेछ ।

९३. अनलाईन सफ्टवेयर प्रणाली मार्फत व्यवसाय दर्ता गरिनेछ ।

९४. घर/भवन निर्माण गर्दा अनिवार्य नक्सा पास लागू गरिनेछ ।

उपस्थित महानुभावहरु

९५. बेरोजगार आवेदन दर्ता साथै रोजगारिको खोजिमा रहेका व्यक्तिको वैयक्तिक विवरण दर्ता गरिनेछ ।

९६. न्यूनतम रोजगारमा असहाय, जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा विपन्न व्यक्तिलाई पहिलो प्राथमिकतामा राखिनेछ।

९७. गाउँपालिकाभित्र संचालित निजि, सार्वजनिक संघसंस्था, उद्योग तथा सहकारीको अभिलेख राख्ने साथै यस क्षेत्रहरुमा उपलब्ध रोजगारिका अवसर पहिचान गरि रोजगारिमा अवसर प्रदान गरिने छ।

९८. श्रम बजारको माग बमोजिम रोजगारमूलक सीप तथा क्षमता विकास, स्वरोजगार र उद्यमशिलतामा प्राथमिकिकरण गरेर क्षमता अभिवृद्दि गरि दीर्घकालीन आर्थिक विकासको बाटो निर्माण गरिनेछ।

९९. वैदेशिक रोजगार संग सम्बन्धित  सेवा प्रदान गरिने छ।

१००. श्रमको सम्मान राष्ट्रको अभियानको मुल मर्मलाई ध्यानमा राखी लागत साझेदारीमा आयोजना संचालन गरिनेछ।

१०१. स्थानीय तहको रोजगार रणनीति निर्माण गरिनेछ।

१०२. रोजगार संवाद मञ्चको संचालन गरिनेछ।

**आदरणीय सदस्य ज्यूहरु,**

१०३. व्यक्तिगत घटना दर्ता (जन्म र मृत्यु) घटना घटेको ३५ दिन भित्र दर्ता गरी शत प्रतिशत बनाइनेछ ।

१०४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी कर्मचारीहरुलाई क्षमता विकास तालिम दिईने छ ।

१०५. सामाजिक सुरक्षा भत्ता EFT मार्फत भुक्तानीमा निरन्तरता दिइनेछ ।

१०६. सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि बायोमेट्रिक डिभाइस प्रयोग गरी प्रभावकारी बनाइनेछ ।

१०७. ३५ दिन भित्र घटना दर्ता गराउनका लागि वडा कार्यालयका सम्पूर्ण विद्यालयहरुमा जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

१०८. नेपाल सरकारले प्रत्येक वर्षको बैशाख १ देखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्यक्रमलाई थप सहायता पुऱ्याउन विद्यालयहरुमा गई घटना दर्ता सम्बन्धी कार्यक्रम संचालन गर्ने कार्यक्रम प्राथमिकतामा राखिनेछ ।

**आदरणीय सदस्यज्यूहरु,**

१०९. विपन्न, दलित, सिमान्तकृत, हिंसा पिडित महिलाहरुको लागि विभिन्न सीपमुलक तथा क्षमता अभिवृद्धि तालिम संचालन गरी उद्यशिलता विकास गरिनेछ र गाउँपालिकामा उद्योग व्यवस्थापन इकाई स्थापना गरी लघु उद्यम दर्ता र नविकरण कार्यलाई थप व्यवस्थित गराईनेछ ।

११०. अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागि आपत्कालीन बाल उद्धार कोषको व्यवस्था गरिनेछ ।

१११. दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका क्षेत्र, आर्थिक रूपले विपन्न एवम् अटिजम लगायतका अपाङ्गता भएका तथा बालसुधार गृहमा रहेका विद्यार्थीका लागि शिक्षाको विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११२. लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

११३. लैंगिक तथा यौनिक अल्पसंख्यक नागरिकको तथ्याङ्क संकलन गरी मुलप्रवाहीकरणमा ल्याइनेछ ।

११४. अपाङ्गतामैत्री सार्वजनिक संरचना, सेवाप्रवाह तथा सहायता सामाग्री मार्फत सम्मानपूर्ण जीवनको प्रत्याभूति गर्न अपाङ्गता विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११५. बालमैत्री स्थानीय तह निर्माणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

११६. बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी तथा सामाजिक संस्थालाई बालअधिकार संरक्षण र प्रवर्धन गर्नेकार्यमा प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था गरिनेछ ।

११७. बालबालिकाको हक अधिकार कार्यान्वयन गराउन न्यायिक समितिलाई सक्रिय एवं क्रियाशील बनाईनेछ ।

११८. टोल विकास संस्था, आमा समूह, संजाल लगायतलाई परिचालन गरी बालश्रम, वालविवाह, वहुविवाह, छुवाछुत, दाइजो प्रथा, लगायत कुप्रथा  नियन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

११९. एकल महिलाहरुको लागि आय आर्जनमुलक तालिम/ सामग्री वितरण गरिनेछ ।

१२०. ज्येष्ठ नागरिक सम्मानका लागि **“ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम”** गरिनेछ ।

१२१. ज्येष्ठ नागरिकका समस्या सुन्न र सहजिकरणका लागि सम्पर्क व्यक्ति ( फोकल पर्सन ) को व्यवस्था गरिनेछ र प्रत्येक चौमासिकमा घरघरमै गएर चेकजाँच गरी औषधी वितरण गरिनेछ ।

१२२. ज्येष्ठ नागरिकहरूका लागि उपलब्ध स्वास्थ्य सेवा, बिमा तथा अन्य सेवा सुविधाका बारेमा समुदाय स्तरसम्म सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. युवा क्लव, आमा समूह, सामाजिक संस्था मार्फत **“सामाजिक सुधारका लागि सकारात्मक सोच”** अभियान संचालन गरिनेछ ।

१२४. महिला विरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैंगिक समानता तथा महिलाहरुको सशक्तीकरण हुने कार्यक्रम ल्याइनेछ ।

१२५. ज्येष्ठ नागरिकहरुको आधारभूत अधिकारहरुको संरक्षण गर्दै उनीहरुका लागि सम्मानजनक एवं सन्तुष्टि पूर्वक जीवनयापनका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

१२६. सहकारी संस्थाहरु स्थापनाको उद्धेश्यअनुरुप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ।

१२७. सहकारी संस्थाको सघन सुपरीवेक्षण र नियमनका लागि सहकारी अनुगमन कार्यदललाई परिचालन गरी प्राप्त अनुगमन प्रतिवेदन तथा सुझाव अनुरुप सहकारी संस्थाहरुको सुदृढिकरण गरिनेछ ।

१२८. विभिन्न तालिम तथा अवलोकन भ्रमण मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम गरिनेछ ।

१२९. सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ ।

१३०. उद्धेश्य अनुरुप संचालन हुन नसकेका र कार्यक्षेत्र खप्टिएका सहकारी संस्थाहरुलाई एकिकरण गर्ने नीति लिइनेछ ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

१३१. गाउँपालिकाको क्षमता विकास योजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी गरिनेछ ।

१३२. विषयगत शाखा, उपशाखा इकाइहरुको कार्यविवरण तयार गरी कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३३. कर्मचारी तथा जनप्रतिनिधिको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१३४. दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि कार्ययोजना निर्माण गरी वार्षिक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३५. सेवा प्रवाह प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेशन र अनलाईन सिफारिस प्रणालीको विकास गरिनेछ ।

१३६. सूचकमा आधारित सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१३७. गैडहवा गाउँपालिकाका हरेक हाट बजारलाई सफा, सुरक्षित तथा लैगिंकमैत्री शौचालयको सुनिश्चितत गरिनेछ, स्थापना भएका भौतिक संरचना वातावरणीय दृष्टिले सुरक्षित तथा फोहोरमैला व्यवस्थापन युक्त सुविधा सम्पन्नताको सुनिश्चित गरिनेछ ।

१३८. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ ।

१३९. गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई सहज रुपमा पुऱ्याउन प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।

१४०. बेरुजु न्यूनीकरण तथा बेरुजु फछ्यौट कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

१४१. गैडहवा गाउँपालिकामा नागरिक सहायता केन्द्रको संचालनको व्यवस्था मिलाइनेछ ।

१४२. सेवाग्राही मैत्री मुस्कान सहितको सेवा प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।

१४३. संघ तथा प्रदेश सरकारको नीति अनुरुप कर्मचारीलाई आन्तरिक पर्यटन काजको सुविधा मिलाइनेछ ।

१४४. कर्मचारीलाई जिम्मेवारी दिंदा पद सोपान र दरवन्दी तेरिजलाई मध्यनजर गरी थप जिम्मेवारी प्रदान गर्दा सुविधाको सेवा शर्त समेत तोकेर दिइनेछ ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

१४५. फोहरमैला व्यवस्थापन सम्बन्धी स्पष्ट नीति निर्धारण गरी फोहर विसर्जन केन्द्र बनाई एकिकृत फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

१४६. विकास निर्माणका कार्यहरु संचालन गर्दा टोल विकास संस्था, उपभोक्ता समिति तथा स्थानीय संस्थाहरुलाई परिचालन गरिनेछ ।

१४७. आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरिनेछ ।

१४८. विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

१४९. वातावरणीय क्षेत्र प्रवर्द्धनका लागि बाल उद्यान तथा खुल्ला क्षेत्र सौन्दरीकरण गरिनुका साथै टोल विकास संस्था, नागरिक समाज, निजी क्षेत्र तथा गैर सरकारी संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

१५०. वुद्धको जीवनसँग सम्बन्धित पालिका भित्रका क्षेत्रको पहिचान र प्रवर्धन गरी धार्मिक पर्यटन भित्र्याउने कार्यक्रम संचालन गरिनेछ ।

१५१. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले विदेशमा सिकेको ज्ञान सीपको स्वदेशमै उपयोग गर्ने गरी स्तरोन्नति तालिम तथा प्रविधि हस्तान्तरण समेतको व्यवस्था गरिनेछ ।

१५२. वैदेशिक रोजगार सम्बन्धी सूचना, सीपयुक्त तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र न्यायमा पहुँच जस्ता कार्यक्रमहरु पालिका भर सञ्चालन गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

१५३. बाढी, भू-क्षय तथा नदी कटान जस्ता प्राकृतिक प्रकोपलाई न्यूनीकरण गरी दिगो संरक्षणका लागि कम खर्चिलो बायो- इन्जिनियरिङ्ग प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

१५४. गाउँपालिकालाई स्वच्छ र सफा बनाउन शहरी क्षेत्रमा उत्पादन हुने प्लाष्टिकजन्य लगायत फोहरमैलाको उचित व्यवस्थापनका लागि वातावरण संरक्षण शिक्षा दिइनेछ । नदी तथा खोलाको स्वच्छताको लागि प्रदेश सरकार सँगको साझेदारीमा दाह संस्कार तथा स्थलको वातावरणीय व्यवस्थापन तथा जलवायू अनुकूलन कार्यक्रमका संचालन गरिनेछ ।

१५५. सुरक्षित खानेपानी सेवाको पहुँच वृद्धि गर्न "खानेपानी मुहान दर्ता ऐन तथा कार्यविधि" निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५६. विपद र जोखिममा रहेका बस्तीको स्थानान्तरण र प्रभावित क्षेत्रको पुनः निर्माणका लागि प्रदेश सरकारसँगको सहकार्यमा आवास, बाटो, खानेपानी सहितको वस्ती विकासका लागि आवश्यक पहल गरिनेछ ।

१५७. "कृषिको आधारः सिंचाइमा सुधार" भन्ने प्रदेश सरकारको नारालाई आत्मसात गर्दै स्यालो टयुबवेल तथा डिप टयूबवेल सिंचाई प्रणालीको विकास तथा निर्माण सम्पन्न भई जीर्ण

अवस्थामा रहेका डिप ट्युबवेल सिंचाइ प्रणालीको मर्मत संभार, सुदृढीकरण तथा पुननिर्माण गर्न प्राथमिकता दिइनेछ ।

१५८. जलवायू अनुकुलनमा टेवा पुग्ने गरी मूल, सिमसार, तालतलैया, पोखरी तथा जलाशयहरुको निर्माण, मर्मत संभार तथा संरक्षण गरी वर्षातको पानी संकलन तथा जल पुनर्भरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५९. इलाका प्रहरी कार्यालयको सहकार्यमा गाउँपालिकाका सडक मार्गमा रहेका दुर्घटना जोखिम स्थलहरुको पहिचान गरी सडक भू-बनोट सुधार कार्य, जोखिम स्थलमा आवश्यकता अनुसार छेकबार, सावधान संकेत, रिफ्लेक्टेड साइनवोर्ड, खतरनाक घुम्ती मोडमा कन्भेक्स मिररको व्यवस्था गर्ने लगायत सडक सुरक्षा तथा ट्राफिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१६०. गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिको खोज, पहिचान, संरक्षण र उपयोगका लागि नगर प्रहरीको व्यवस्था गरी परिचालन गरिनेछ ।

१६१. कर्मचारीले खाईपाई आएको तलब भत्तामा निरन्तरता दिइनेछ ।

१६२. विपद पूर्व सूचना प्रणाली लागू गरी विपद जोखिम क्षेत्रको नक्साङ्कन र विपद उद्दार सामग्री व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१६३. स्थानीय तहमा विपद बीमा कार्यक्रम प्रदेश सरकारको सहकार्यमा संचालन गरिनेछ ।

१६४. गाउँपालिका भित्र आगलागी नियन्त्रणका लागि आवश्यक पर्ने दमकल लगायतका उपकरणको परिचालनलाई निरन्तरता दिइनेछ ।

१६५. विपद प्रतिकार्यका लागि स्थानीय विपद व्यवस्थापन समितिको क्षमता वृद्धि गर्दै अन्तर निकाय समन्वय गर्न र विपद पूर्व तयारीका लागि सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१६६. क्षेत्र नं. ५ मा प्रशासन कार्यालय स्थापना गर्न संघीय सरकारमा पहल गरिनेछ ।

१६७. साइबर सुरक्षा र डिजिटल साक्षरता कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१६८. गाउँपालिका मातहत कार्यरत कर्मचारीलाई कार्यसम्पादनमा उत्प्रेरित गराउन निश्चित कार्यविधि र मापदण्डका आधारमा आगामी वर्षदेखि लागु हुने गरी प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१६९. रामापुर कलौनी- लुम्बिनी सडक खण्डमा सार्वजनिक यातायात संचालनका लागि सरोकारवाला निकायसँग आवश्यक पहल गरिनेछ र सार्वजनिक यातायात संचालन गर्न आवश्यक समन्वय गरिनेछ ।

१७०. गाउँपालिकाको कार्यालयमा सुविधा सम्पन्न स्तनपान कक्षलाई सुविधासम्पन्न बनाईनेछ ।

१७१. बेरुजु न्यूनीकरण र फछ्र्यौट कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीको विकास गरी वित्तीय सुशासन कायम गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१७२. भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिँदै स्थानीय शासकीय प्रणालीमा आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण, र सुशासन एवं सदाचार संस्कृतिको प्रवर्धनमा विशेष जोड दिइनेछ ।

१७३. स्थानीय कला, सँस्कृति, भाषा तथा सम्पदाहरुको संरक्षण र जगेर्ना गर्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१७४. प्रयोग बिहिन अवस्थामा रहेका सार्वजनिक जग्गा अतिक्रमण हुदै गइ रहेकोले त्यस्ता जग्गा संरक्षण गरी बृक्षारोपण गरिनेछ ।

१७५. स्थानीय धार्मिकस्थलहरुलाई संरक्षण तथा सौन्दर्यीकरण गरिनेछ ।

१७६. सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइ प्रकृयामुखी भन्दा नतिजामुखी कार्यसम्पादन गर्न कार्यालयबाट प्रदान गरिने सेवालाई स्वचालित बिद्युतिय प्रणालीमा रुपान्तरण गर्दै लगिनेछ ।

१७७. कार्यलयबाट प्रदान गरिने सेवा आम नागरिकले सहज र प्रभावकारी तरिकाले प्राप्त गर्न कार्यपालिका कार्यालयको संगठन ब्यवस्थापन तथा सर्वेक्षण गरी दरबन्दी तथा कार्य विवरण बमोजिम कर्मचारी ब्यवस्थापन गरिनेछ ।

१७८. प्रभावकारी अनुगमन प्रणालीको लागि पालिका भित्रका सबै सामुदायिक बिद्यालय, बडा कार्यालय तथा स्थास्थ्य संस्थामा बिद्युतीय हाजिरी र सिसि क्यामेराको ब्यवस्था गरिनेछ ।

१७९. उज्यालो गाउँपालिका अभियानलाई सार्थक बनाउन बिभिन्न चोकहरुमा हाइमस्ट लाइट जडान गरिनेछ ।

१८०. विपदका समयमा तत्काल राहत स्वरुप कपडाहरु उपलब्ध गराउन त्यस्ता सहयोगी हातहरुसंग सहकार्य गरी लत्ता कपडा ब्यवस्थापन गरिनेछ ।

१८१. गाउँपालिकामा समस्याको रुपमा रहेको छाडा चौपायाको ब्यवस्थापनमा संघ तथा प्रदेश सरकारसंग समन्वय गरी त्यस्ता छाडा चौपाया ब्यवस्थापनमा प्रभावकारी कदम चालिनेछ ।

धन्यवाद !!

.....................................

सुरेन्द्र पौड्याल
गा.पा. अध्यक्ष
गैडहवा गाउँपालिका विष्णुरा, रुपन्देही